# काठमाडौ महानगरपालिका पुस्तकरहित शुक्रबार कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८२

## १. कार्यक्रमको परिचय:

पुस्तकरहित शुक्रबार (बुक फ्री फ्राइडे) कार्यक्रम पुस्तक रट्ने, रटाउने परम्परागत अभ्यासलाई गरेर सिक्ने वा गर्दै सिक्ने पद्धतितर्फ ढाल्ने प्रयास हो। यस कार्यक्रमले विद्यार्थीको सिकाइलाई क्रियाकलाप केन्द्रित, सहकार्यमा आधारित, बालमैत्री तथा मनोरञ्जनात्मक बनाउन जोड दिन्छ । काठमाडौँ महानगरपालिकाको "गरिखाने शिक्षा महानगरको इच्छा" भन्ने आदर्श वाक्यको मर्म अनुरूप सञ्चालित शिक्षासम्बन्धी गौरवको योजनाको अङ्गका रूपमा रहेको प्रारम्भिक बाल विकास र शिक्षा देखि कक्षा १२ सम्म कार्यान्वयन हुने बहुआयामिक कार्यक्रम हो।

विद्यालय शिक्षाका १३ वर्षदेखि १६ वर्ष समूहका सिकारूलाई भविष्यमा पेसा तथा व्यवसायमा संलग्न हुन आवश्यक पर्ने व्यवहारकुशल सिपहरूलाई पाठ्यक्रमले सम्बोधन गर्नुपर्छ भन्ने राष्ट्रिय पाठ्क्रम प्रारूप २०७६ को मर्मलाई समेत यस कार्यक्रमले हृदयङ्गम गर्दै सर्वाङ्गीण बालविकासको अवधारणालाई आत्मसात् गर्नेछ। विद्यालय शिक्षामा रोजगार र स्वरोजगारमुखी जनशक्ति उत्पादन गर्नेतर्फ विशेष ध्यान दिइने र सङ्घीय सरकारका अलावा प्रदेश र स्थानीय तह, सरकारी तथा गैर सरकारी संस्था, समुदायमा आधारित सिप विकास कार्यक्रमसँग आबद्ध निकायहरूको समन्वय र साझेदारीमा रोजगारउन्मुख शिक्षा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिने छ भन्ने राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्धारण गरेको विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी नीतिलाई कार्यरूपमा उतार्ने दायित्व स्थानीय सरकारको पनि रहेकाले उक्त नीतिलाई व्यावहरिक कार्यान्वयन गर्ने पहल यस कार्यक्रममार्फत हुने छ।

"श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार एवम् स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने" भन्ने राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्धारण गरेको विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गराउनेतर्फ समेत बुक फ्री फ्राइडे कार्यक्रम केन्द्रित हुने छ। शिक्षा नियमावली २०५९ मा व्यवस्था भएबमोजिमका सह तथा अतिरिक्त क्रियाकलापलाई समेत बुक फ्री फ्राइडे कार्यक्रममा एकीकृत गरिने छ। बुक फ्री फ्राइडे कार्यक्रमदेहाय बमोजिम वर्गीकरण गरी सञ्चालन गरिने छः

१.१. प्रारम्भिक बाल विकास र शिक्षादेखि कक्षा ३ सम्म एकीकृत सिकाइ कार्यक्रम

१.२ कक्षा ४ देखि कक्षा ८ सम्म सिर्जनात्मक सिकाइ कार्यक्रम

१.३ कक्षा ९ देखि कक्षा १२ सम्म शिक्षामा सिप कार्यक्रम

**२. दुरदृष्टि :** विद्यार्थीलाई जीवनोपयोगी सीपको विकास गराउन शिक्षकको क्षमता विकास गराई शिक्षणसिकाइ क्रियाकलापमा सुधारबाट शैक्षिक रुपान्तरण'

## ३. कार्यक्रमका उद्देश्य

पाठ्यपुस्तकरहित शुक्रबार कार्यक्रमका उद्देश्य देहायबमोजिम रहेका छन्।

३.१ प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रम, २०७७ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा १-३) २०७६ ले आत्मसात् गरेका एकीकृत पाठ्यक्रम र सिकाइका लागि मूल्याङ्कनको अवधारणालाई व्यावहारिक कार्यान्वयन गर्ने,

CamScanner

३.२ विद्यार्थीका रुचि र क्षमता अनुसारका विभिन्न विधागत समूह निर्माण गरी सिर्जनात्मक र व्यावहारिक सिकाइको माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग गर्ने,

३.३ विभिन्न विधागत क्षेत्रमा छोटा सिपमूलक तालिम सञ्चालन गरी विद्यार्थीहरूमा सिप र श्रमप्रति सम्मान र सकारात्मक मनोवृत्ति विकास गर्ने,

३.४ "श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार एवम् स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने" भन्ने राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्धारण गरेको विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिका लागि एक जिम्मेवार स्थानीय तहका रूपमा कार्यक्रम सञ्चालन गर्ने।

## ४. कार्यक्रम सञ्चालन प्रक्रिया

बुक फ्री फ्राइडे कार्यक्रम महानगरपालिकाका सामुदायिक विद्यालयमा एकरूपतामा प्रचलित कानुनी प्रावधानहरू अवलम्वन गर्दै महानगरपालिका शिक्षा विभाग, स्रोतकेन्द्र, विद्यालय, शिक्षक, विद्यालयसँग सम्वद्ध संस्थाहरू, स्थानीय समुदाय तथा सेवा प्रदायक संस्थाको सहभागिता र सहकार्यमा सञ्चालन गरिने छ। शिक्षकहरूको क्षमता अभिवृद्धि गरी भविष्यमा शिक्षकहरूबाटै यस प्रकारका सिकाइ सञ्चालन हुने अपेक्षा गरिएको छ। यस कार्यक्रमले विद्यालय समुदाय सम्बन्धलाई प्रभावकारी बनाउने र सरोकारवालाहरूलाई जिम्मेवार र जवाफदेही बनाउँदै सशक्तीकरण गरिने छ। विद्यालय शिक्षालाई जीवनोपयोगी सिपसँग र सिपलाई रोजगारीसँग जोड्ने अपेक्षा गरिएको यस कार्यक्रम सञ्चालनका मुख्य प्रक्रियाहरू देहाय बमोजिम हुने छन्:

४.१ प्रारम्भिक बाल विकास र शिक्षादेखि कक्षा ३ सम्म (एकीकृत सिकाइ) सञ्चालन गरिने कार्यक्रमहरू:

बुक फ्री फ्राइडे अन्तर्गतको यो कार्यक्रमले मूलतः प्रारम्भिक बाल विकास केन्द्रको स्तरोन्नति तथा बाल विकास सहजकर्ताको क्षमता विकास र कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिने छ। जस अन्तर्गत निम्न अनुसारका क्रियाकलापहरु समावेश गरिने छ।

- प्रारम्भिक बाल विकास केन्द्रको स्तरोन्नति
- बाल विकास सहजकर्ताको क्षमता विकास
- विद्यार्थीको पोर्टफोलियो निर्माण तथा व्यवस्थापन,
- थिमगत सिकाइ क्रियाकलाप,
- सिकाइका लागि मूल्याङ्कन,
- व्यवहारकुशल सिपको विकास,
- बालकेन्द्रित तथा विद्यार्थीमैत्री सिकाइ सहजीकरण क्रियाकलाप अवलम्वन,
- शिक्षकलाई उत्प्रेरक, सहजकर्ता, खोजकर्ता र प्रवर्द्धकको रुपमा विकास।

४.२ कक्षा ४ देखि कक्षा ८ सम्म सिर्जनात्मक सिकाइ कार्यक्रम

कक्षा ४ देखि कक्षा ८ सम्म सामूहिक सहभागितामूलक व्यावहारिक सिकाइ (सिर्जनात्मक सिकाइ) अन्तर्गत विद्यार्थीका रुचि र आवश्यकताका आधारमा निम्नानुसारका ११ उपसमूहमार्फत विद्यार्थीमा व्यावहारिक तरिकाबाट सिकाइ गराउन प्रयत्न गरिने छ। यी उपसमूहको सिकाइ सञ्चालनका लागि आर्थिक वर्ष २०८१।८२ मा शिक्षा विभागबाट सम्वन्धित क्षेत्रका विज्ञसमेतको सहभागितामा तयार गरिएको प्रत्येक उपसमूहको सिकाइ सहजीकरण मार्गदर्शन (Learning Facilitation Guideline) बमोजिम कार्यक्रम सञ्चालन गरिने छ। सिकाइ सहजीकरण मार्गदर्शन (Learning Facilitation Guideline) तयार नभएका उपसमूहको हकमा सम्वन्धित क्षेत्रका विज्ञसमेतको सहभागितामा तयार गरी कार्यान्वयन गरिने छ।

प्रत्येक उपसमूहको सिकाइको वार्षिक कार्यघण्टा १०० हुनेछ जसमा ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र २५ घण्टा बराबरको परियोजना कार्य गराउनुपर्ने छ। कार्यक्रम हरेक शैक्षिक सत्रको विद्यार्थी भर्ना अभियान सम्पन्न भएपश्चात विद्यार्थीहरूको उपसमूह गठन गरी सञ्चालन गरिने छ। तर शैक्षिक सत्र २०८२ को हकमा चैत्र मसान्त सम्म १५ हप्ता प्रतिदिन ३ घण्टाको दरले ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र १५ घण्टा परियोजना कार्य गराउने गरि सञ्चालन गरिने छ। बाबा र स्काउट उपसमूहरूलाई सम्भव भएसम्म सबै विद्यालयमा अनिवार्य बनाउने र यी उपसमूहमा रहेका विद्यार्थीलाई उनीहरुको ईच्छा अनुसार बाबा र स्काउट उपसमूह बाहेकका अन्य उपसमूहहरुमा पनि सहभागी गराइने छ।

देहायः

| क्र. सं. | उपसमूह (कक्षा ४-८) |
|---|---|
| १ | स्काउट (SCOUT) |
| २ | बालबालिका र वातावरण (वावा) (BABA) |
| ३ | व्यक्तित्व विकास (PERSONALITY DEVELOPMENT) |
| ४ | विज्ञान, प्रविधि, इन्जिनियरिङ, आर्टस र गणित (स्टिम) (STEAM) |
| ५ | उद्यमशील सोँच (ENTREPRENEURSHIP MINDSET) |
| ६ | पठन संस्कार (READING CULTURE) |
| ७ | योग र ध्यान (YOGA AND MEDITATION) |
| ८ | विपद व्यवस्थापन (DISASTER MANAGEMENT) |
| ९ | नृत्य (DANCE) |
| १० | गायन (SINGING) |
| ११ | सङ्गीत (बाँसुरी र मादल/धिमे/धाःबाजा/डम्फु) (MUSIC) |

CamScanner

| | |
|---|---|
| १२ | नाट्य (DRAMA) |
| १३ | भित्तेचित्र (म्युरल) (MURAL) |
| १४ | कोडिङ(CODING) |
| १५ | संस्कृति र सम्पदा (CULTURE AND HERITAGE) |
| १६ | चलचित्रको दृष्टिकोणबाट सिकाइ (LEARNING FROM MOVIE PERPECTIVE) |
| १७ | हस्तकला (HANDCRAFT) (चालु आवमा थप गरिएकोले मार्गदर्शन तयार गर्नुपर्ने ) |
| १८ | अबाकस (ABACUS) (चालु आवमा थप गरिएकोले मार्गदर्शन तयार गर्नुपर्ने ) |
| १९ | कथावाचन मार्फत नैतिक शिक्षा (MORAL EDUCATION THROUGH STORYTELLING) (मार्गदर्शन परिमार्जन गर्नुपर्ने ) |

४.२.१ कक्षा ४–५ का लागि सम्भव भएसम्म देहाय बमोजिमका १२ उपसमूह सञ्चालन गर्नेः

| क्र. सं. | उपसमूह (कक्षा ४–५) |
|---|---|
| १ | बालबालिका र वातावरण (वावा) (BABA) |
| २ | विज्ञान, प्रविधि, इन्जिनियरिङ, आर्टस र गणित (स्टिम) (STEAM) |
| ३ | पठन संस्कार (READING CULTURE) |
| ४ | योग र ध्यान (YOGA AND MEDITATION) |
| ५ | नृत्य (DANCE) |
| ६ | गायन (SINGING) |
| ७ | सङ्गीत (बाँसुरी र मादल/धिमे/धाःबाजा/डम्फु) (MUSIC) |
| ८ | नाट्य (DRAMA) |

CamScanner

| | |
|---|---|
| ९ | भित्तेचित्र (म्युरल) (MURAL) |
| १० | हस्तकला (HANDCRAFT) |
| ११ | अबाकस (ABACUS) |
| १२ | कथावाचन मार्फत नैतिक शिक्षा (MORAL EDUCATION THROUGH STORYTELLING) |

४.२.२ कक्षा ६–८ का लागि सम्भव भएसम्म देहाय बमोजिमका १३ उपसमूह सञ्चालन गर्ने।

| क्र. सं. | उपसमूह (कक्षा ६–८) |
|---|---|
| १ | स्काउट (SCOUT) |
| २ | बालबालिका र वातावरण (बाबा) (BABA) |
| ३ | विज्ञान, प्रविधि, इन्जिनियरिङ, आर्टस र गणित (स्टिम) (STEAM) |
| ४ | गायन (SINGING) |
| ५ | सङ्गीत (बाँसुरी र मादल/धिमे/धा.बाजा/डम्फु) (MUSIC) |
| ६ | नाट्य (DRAMA) |
| ७ | अबाकस (ABACUS) |
| ८ | चलचित्रको दृष्टिकोणबाट सिकाइ (LEARNING FROM MOVIE PERPECTIVE) |
| ९ | कोडिङ (CODING) |
| १० | व्यक्तित्व विकास (PERSONALITY DEVELOPMENT) |
| ११ | उद्यमशील सोँच (ENTREPRENEURSHIP MINDSET) |
| १२ | विपद व्यवस्थापन (DISASTER MANAGEMENT) |
| १३ | संस्कृति र सम्पदा (CULTURE AND HERITAGE) |

CamScanner

| १४ | नृत्य (DANCE) |
|---|---|

विद्यार्थीको उपसमूह गठन गर्दा सम्भव भएसम्म सामान्यतया ३० जनासम्मको समूह गठन गर्न सकिने छ। समूह गठन गर्दा हाल निर्धारण भएका उपसमूहमा विद्यार्थीको रूची र क्षमता समेतलाई ख्याल गरी गठन गर्न सकिने छ। उक्त समूह गठन गर्दा विद्यार्थीको रुची र विद्यालयमा उपलब्ध स्रोत साधनको आधारमा एउटै विधामा दुई वा सो भन्दा बढी समूह पनि गठन गर्न सकिने छ। प्रत्येक समूहमा १ जना शिक्षकलाई फोकल शिक्षकको जिम्मेवारी दिइने छ। फोकल शिक्षकलाई सहायक प्रशिक्षकको रूपमा तयार गरिने छ। फोकल शिक्षकलाई प्रचलित कानुनबमोजिम थप सुविधा उपलब्ध गराउन सकिने छ।

४.३ कक्षा ९ देखि कक्षा १२ सम्म शिक्षामा सिप कार्यक्रम

कक्षा ९ देखि कक्षा १२ सम्म शिक्षामा सिप कार्यक्रम अन्तर्गत सिप विकासका प्रारम्भिक तथा छोटा अवधिका मोडुलर तालिम प्याकेजहरू सञ्चालन गरी विद्यार्थीमा श्रम र सिप प्रतिको अभिमुखीकरणका कार्यक्रम सञ्चालन हुनेछन्। यो कार्यक्रम हाललाई कक्षा ९ र क्रमिक रुपमा आवश्यकता र औचित्यका आधारमा कक्षा १२ सम्म नै विस्तार गरिनेछ। शिक्षामा सिपका विधा १० ओटा रहेका छन्। सिकाइ सञ्चालनका लागि आर्थिक वर्ष २०८१।८२ मा शिक्षा विभागबाट सम्वन्धित क्षेत्रका विज्ञसमेतको सहभागितामा तयार गरिएको प्रत्येक उपसमूहको सिकाइ सहजीकरण मार्गदर्शन (Learning Facilitation Guideline) बमोजिम कार्यक्रम सञ्चालन गरिने छ। प्रत्येक उपसमूहको सिकाइका लागि वार्षिक कार्यघण्टा १०० हुने छ। जसमा ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र २५ घण्टा बराबरको परियोजना कार्य गराउनुपर्नेछ। सिकाइ सहजीकरण मार्गदर्शन (Learning Facilitation Guideline) तयार नभएका उपसमूहको हकमा सम्वन्धित क्षेत्रका विज्ञसमेतको सहभागितामा तयार गरी कार्यान्वयन गरिने छ। कार्यक्रम हरेक शैक्षिक सत्रको विद्यार्थी भर्ना अभियान सम्पन्न भएपश्चात विद्यार्थीहरूको उपसमूह गठन गरि २५ हप्ता प्रति दिन ३ घण्टाको दरले ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजिकरणमा र २५ घण्टा परियोजना कार्य गराउने गरि सञ्चालन गरिने छ। तर शैक्षिक सत्र २०८२ को हकमा चैत्र मसान्त सम्म १५ हप्ता प्रतिदिन ५ घण्टाको दरले ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र २५ घण्टा परियोजना कार्य गराउने गरि सञ्चालन गरिने छ। सिकाइ उपसमूह देहाय बमोजिम हुने छन्।

देहायः

| क्र सं | शिक्षामा सीप कार्यक्रम |
|---|---|
| 1 | Agriculture and Urban Farming |
| 2 | Beautician and Hair Style |
| 3 | Carpentry and Wood Carving |
| 4 | Culinary Arts |
| 5 | Fashion Design and Clothing Construction |
| 6 | House Wiring and Electrical |

CamScanner

| | | |
|---|---|---|
| 7 | Indigenous and Contemporary Masonry (Disaster Readiness) |
| 8 | Mobile and Electronics |
| 9 | Plumbing |
| 10 | Sketching and Sculpture |

शिक्षामा सिप कार्यक्रम विशेषतः शैद्धान्तिक ज्ञान र प्राविधिक सिपको संयोजन हो। यो कार्यक्रमद्वारा विद्यार्थीमा दैनिक व्यावहारिक एवं जीवनोपयोगी हुने विभिन्न प्राविधिक सीपप्रति अभिमुखीकरण प्रदान गरिनेछ। विद्यार्थीको उपसमूह गठन गर्दा सम्भव भएसम्म सामान्यतया ३० जनासम्मको समूह गठन गर्न सकिने छ। यो कार्यक्रम हाललाई कक्षा ९ र क्रमिक रुपमा आवश्यकता र औचित्यका आधारमा कक्षा १२ सम्म नै विस्तार गरिनेछ। यस अन्तर्गत विद्यार्थीलाई १० ओटा सिपका विधामा विद्यार्थीको रूची र क्षमता समेतलाई ख्याल गरी गठन गर्न सकिने छ। उक्त समूह निर्माण गर्दा विद्यार्थीको रुची र विद्यालयमा उपलब्ध स्रोत साधनको आधारमा एउटै विधामा दुई वा सो भन्दा बढी समूह पनि गठन गर्न सकिने छ। प्रत्येक समूहमा १ जना शिक्षकलाई फोकल शिक्षकको जिम्मेवारी दिइने छ। फोकल शिक्षकलाई सहायक प्रशिक्षकको रूपमा तयार गरिने छ। फोकल शिक्षकलाई प्रचलित कानुनबमोजिम थप सुविधा उपलब्ध गराउन सकिने छ।

## ५. कार्यक्रम सञ्चालन हुने समय तालिका

५.१ प्रारम्भिक बाल विकास र शिक्षादेखि कक्षा ३ सम्म एकीकृत सिकाइ कार्यक्रमको समय तालिका अन्य दिन बमोजिम नै हुनेछ।

५.२ कक्षा ४ देखि कक्षा ८ सम्म सिर्जनात्मक सिकाइ कार्यक्रमको समय तालिका देहाय बमोजिम हुनेछ

पहिलो सत्रः विहान १०:०० बजेदेखि १२:०० बजेसम्म विद्यालयले आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउने गरी परियोजना कार्य, अतिरिक्त क्रियाकलापहरू, स्थलगत भ्रमण, अवलोकन तथा प्रयोगात्मक कार्य विषयगतरूपमा तर पाठ्यपुस्तकरहित क्रियाकलापहरूमा विद्यार्थीलाई सहभागिता गराइने छ।

दोस्रो सत्रः दिउँसो १२:०० देखी ४:०० बजेसम्म न्यूनतम ३ घण्टा १९ वटा उपसमूहका कार्य सञ्चालन गरिनेछ। यसका अतिरिक्त अवश्यकतानुसार अतिरिक्त क्रियाकलाप, सह क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ। दोस्रो सत्रमा उपयुक्त समय मिलाई खाजा समय विद्यालयले नै निर्धारण गर्ने र सबै विद्यार्थीहरूलाइ समावेश गरी ३० मिनेट बाबा उपसमूहको नेतृत्वमा विद्यालय सरसफाइ एवम सौन्दर्यीकरणका कार्यहरु गराइने छ।

५.३ कक्षा ९ देखि कक्षा १२ सम्म शिक्षामा सीप कार्यक्रमको समय तालिका देहाय बमोजिम हुनेछ

पहिलो सत्रः बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म विद्यालयले आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउने गरी परियोजना कार्य, अतिरिक्त क्रियाकलापहरू, स्थलगत भ्रमण, अवलोकन तथा प्रयोगात्मक कार्य विषयगतरूपमा तर पाठ्यपुस्तकरहित क्रियाकलापहरूमा विद्यार्थीलाई सहभागिता गराइने छ।

दोस्रो सत्रः दिउँसो १२:०० देखि ४:०० बजेसम्म न्यूनतम ३ घण्टा १० वटा उपसमूहका कार्यहरू सञ्चालन गरिनेछ। यसका अतिरिक्त अवश्यकता अनुसार अतिरिक्त क्रियाकलाप, सह क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ। दोस्रो सत्रमा उपयुक्त समय मिलाई खाजा

CamScanner

समय विद्यालयले नै निर्धारण गर्ने र सबै विद्यार्थीलाई समावेश गरी ३० मिनेट बाबा उपसमूहको नेतृत्वमा विद्यालय सरसफाइ एवम सौन्दर्यीकरणका कार्यहरु गराइने छ।

तर शैक्षिक सत्र २०८२ को हकमा चैत्र मसान्त सम्म १५ हप्ता प्रतिदिन ५ घण्टाको दरले ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजिकरणमा र २५ घण्टा परियोजना कार्य गराउने गरी सञ्चालन गरिने छ। सिकाइ उपसमूह देहाय बमोजिम हुने छन्।

### ६. बुक फ्री फ्राइडे कार्यक्रम सञ्चालनका लागि सेवा प्रदायक छनोट प्रक्रिया

सेवा प्रदायक छनोटका लागि प्रचलित सार्वजनिक खरिदसम्वन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम हुने गरी सम्वन्धित क्षेत्रमा विज्ञता भएका संघसंस्था, कम्पनी/फर्म वा व्यक्तिहरु मार्फत देहायको प्रक्रिया अवलम्वन गरी विद्यालयले छनोट गर्नुपर्ने छः

६.१ आवश्यक कागजातसहित सम्बन्धित विद्यालयमा सेवा प्रदायक (व्यक्ति, संस्था वा कम्पनी/फर्म) सूचीकृत हुनु पर्ने छ।

६.२ सूचीकृत सेवा प्रदायकमध्येबाट प्राविधिक तथा आर्थिक कोटेसन माग गरिने छ।

६.३ मूल्याङ्कन समितिले गरेको प्राविधिक तथा आर्थिक पक्षको मूल्याङ्कनको आधारमा सेवा प्रदायक छनोट गरिने छ।

६.४ छनोट भएका सेवा प्रदायकसँग विद्यालयले कार्यसम्पादनको प्रक्रिया, सम्पादन गरिने कार्यको गुणस्तर, भुक्तानी प्रक्रिया लगायत समेटी कार्यसम्पादन सम्झौता गर्ने छ।

६.५ विद्यालयले कार्यादेश दिइसकेपछि सम्झौताअनुरूप सेवा प्रदायकले कार्य सञ्चालन गर्नुपर्ने छ। सम्झौताअनुरूप कार्यसम्पादन नभएमा सेवा प्रदायकलाई भुक्तानी गरिने छैन।

६.६ कार्य सञ्चालन अवधिभर अनुगमन तथा मूल्याङ्कन सम्बन्धित अधिकारी तथा निकायबाट हुने छ।

६.७ खरिदका बखत सेवा प्रदायकले पेश गरेको कागजातमा जुन जनशक्तिको व्यक्तिगत विवरण पेश गरिएको छ उहि व्यक्तिले प्रशिक्षण दिने कुराको सुनिश्चितता सम्वन्धित विद्यालयले गर्नुपर्नेछ। कुनै विशेष कारणबस उक्त जनशक्तिले प्रशिक्षण दिन सक्ने अवस्था नभएमा सो को कारण सम्वन्धमा स्पष्ट प्रमाण सहित निजको योग्यता सरहको अर्को जनशक्ति प्रतिस्थापन गर्ने गरी योग्यता सम्वन्धी कागजात संलग्न राखि विद्यालयमा लिखित निवेदन दिइ पूर्व स्वीकृत लिनुपर्नेछ।

तर सरकारी निकायहरुबाट प्रवाह हुने सेवाको हकमा काठमाडौ महानगरपालिका शिक्षा विभागबाट सबै विद्यालयमा सेवा प्रदान गर्ने गरी एकमुष्ठ रूपमा सेवा प्रदायक निकाय छनौट गरि विद्यालयमा पठाइने छ।

### ७. स्रोत व्यवस्थापन र खर्च मापदण्ड सम्वन्धी व्यवस्था

७.१ सिर्जनात्मक सिकाइ अन्तर्गत २५ हप्ताको लागि प्रति उपसमूह एकमुष्ठ रू.७५ हजार अनुदान रकम विद्यालयलाई उपलब्ध गराईनेछ। शैक्षिक सत्र २०८२ का लागि १५ हप्ता बराबरको दामासाहिले हुन आउने रकम बिद्यालयलाई निकासा गरिने छ। उक्त बजेटको खर्च मापदण्ड देहाय बमोजिम हुने छः

(क) विद्यालयले सेवा प्रदायक संस्था वा व्यक्तिहरुलाई पारिश्रमिकको रुपमा अधिकतम रु ५०,००० सम्म भुक्तानी गर्ने सक्नेछ। विद्यालयले छनौट गर्ने प्रशिक्षकको न्यूनतम योग्यता सम्बन्धित विषयमा डिप्लोमा हासिल गरी सोही क्षेत्रमा कम्तिमा ३ वर्ष अनुभव हासिल गरेको हुनुपर्नेछ। प्रशिक्षकको पारिश्रमिक दैनिक कर सहित रु.२०००।– हुनेछ।

CamScanner

(ख) विद्यालयलाई व्यवस्थापकीय खर्च प्रति समूह बढीमा रू.२५ हजार मात्र भुक्तानी दिन सकिने छ। जसमा समूहगत सामग्री व्यवस्थापन खर्च रू.१९,२५०, फोकल शिक्षकका लागि खाजा खर्च प्रति दिन रू.१५० का दरले रू.३७५० र फोकल शिक्षकले आफू रहेको समूहको प्रतिवेदन पेस गरे वापत रू.२००० व्यवस्थापन गर्नु पर्नेछ।

(ग) कुनै एक उपसमूहमा सामाग्री व्यवस्थापन गर्दा रकम बचत भएमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई यसै कार्यक्रमका अन्य उपसमूहलाई अपुग सामाग्री खरिद गर्न सकिनेछ। विद्यालयले यस कार्यक्रम अन्तर्गत खरिद गरिएका मालसामान तथा सेवाको प्रचलित कानून बमोजिम जिन्सी दाखिला गर्नु पर्नेछ।

(ग) विज्ञ प्रशिक्षकका रूपमा व्यक्तिसँग विद्यालयले सेवा लिनुपर्ने भएमा योग्यता सुनिश्चित गरी सुचिकृत विज्ञ मध्येबाट पारिश्रमिक तोकी सम्झौता गरी सेवा लिन सकिने छ। विज्ञको सेवा लिंदा प्रति शुक्रवार अधिकतम रू.२००० मा नवढ्ने गरी योजना वनाइ सोही अनुरुप भुक्तानी गर्नुपर्ने।

७.२ शिक्षामा सिप कार्यक्रम अन्तर्गत उपसमूहगत रूपमा प्रतिसमूह अधिकतम देहाय बमोजिमका दरले विद्यालयलाई रकम निकासा गरिने छः

- एग्रीकल्चर एण्ड अर्बान फार्मिङ -रु.१९७१८५।-
- ब्युटिसियन एण्ड हेयर स्टाइल- २२४३०५।-
- कार्पेन्ट्री एण्ड वुडकार्भिङ -२३७३००।-
- कलिनरी आर्ट्स-२३७३००।-
- फेसन डिजाइन एण्ड क्लोथ कन्स्ट्रक्सन-२३७३००।-
- हाउस वायरिङ एण्ड इलेक्ट्रिकल-१९८८८०।-
- इन्डिजेनियस एण्ड कन्टेम्परारी मेसनरी-२१४१३५।-
- मोबाइल एण्ड इलेक्ट्रोनिक्स -२११८७५।-
- प्लम्बिङ-२४४६४५।-
- स्केचिङ एण्ड स्कल्प्चर-२३७३००।-
- उपसमूहगत रुपमा विनियोजित बजेटबाट खर्च हुने गरी फोकल शिक्षकका लागि खाजा खर्च प्रति दिन रू.१५० का दरले रू.३७५० र फोकल शिक्षकले आफू रहेको समूहको प्रतिवेदन पेस गरे वापत रु.२००० व्यवस्थापन गर्नुपर्ने छ।
- विद्यालयले यस कार्यक्रम अन्तर्गत खरिद गरिएका मालसामान तथा सेवाको प्रचलित कानून बमोजिम जिन्सी दाखिला गर्नुपर्ने छ।
- बजेटको खर्च मापदण्ड प्रचलित नियमानुसार हुने छ।

**८. कार्यक्रमको अनुगमन सम्वन्धी व्यवस्था**

CamScanner

कार्यक्रमको नियमित अनुगमनका लागि आवश्यकता अनुसार शिक्षा विभागका अधिकृतस्तरका कर्मचारीको संयोजकत्वमा काठमाडौं महानगरपालिका सहरी योजना आयोगका प्रतिनिधि र सम्बन्धित क्षेत्रका स्रोत शिक्षक रहने गरी शिक्षा विभागले ३ सदस्यीय सयुक्त अनुगमन टोलीहरु परिचालन गर्ने छ। यसका अतिरिक्त कानून बमोजिम गठन भएका अन्य अनुगमन समितिहरुले समेत कार्यक्रमको अनुगमन गर्न सक्नेछन्। अनुगमन टोलीका सदस्यहरुलाई नियमानुसार अनुगमन भत्ता उपलब्ध गराइने छ।

## ९. कार्यक्रम सञ्चालनमा विभिन्न निकायको भूमिका

### ९.१ शिक्षा विभागको भूमिका

पाठ्यपुस्तकरहीत शुक्रबार कार्यक्रम सञ्चालनका लागि कामपा शिक्षा विभागको भूमिका देहायबमोजिम हुने छ।

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन निर्माण गर्ने,
- स्रोतकेन्द्र तथा विद्यालयहरूविच समन्वय गर्ने तथा निर्देशन दिने,
- कार्यक्रम सञ्चालनका लागि अभिमुखीकरण गर्ने,
- स्रोत व्यवस्थापनका लागि अगुवाइ गर्ने,
- अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने।

### ९.२ स्रोतकेन्द्र तथा स्रोतशिक्षकको भूमिका

पुस्तकरहीत शुक्रबार कार्यक्रम सञ्चालनका लागि कामपाका स्रोतकेन्द्रमा रहेका स्रोतशिक्षकहरूको भूमिका देहायबमोजिम हुने छन्ः

- विद्यालयहरूविच समन्वय गर्ने,
- प्रधानाध्यापक र शिक्षकलाई तालिम तथा अभिमुखीकरण गर्ने,
- नियमित अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन शिक्षा विभागमा पेश गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विभागबाट निर्देशन भए अनुसारका कार्य गर्ने/गराउने।

### ९.३ प्रधानाध्यापकको भूमिका

पुस्तकरहित शुक्रबार कार्यक्रम सञ्चालनका लागि प्रधानाध्यापकको भूमिका देहायबमोजिम हुनेछः

- फोकल शिक्षकलाई तालिममा सहभागी गराउने,
- सेवा प्रदायक छनोट, सम्झौता, कार्यादेश, कार्यक्रम सञ्चालन तथा भुक्तानी सम्वन्धि कार्य गर्ने/गराउने,
- कार्यक्रमको गुणस्तरीयताको सुनिश्चितता गर्ने तथा वित्तीय उत्तरदायित्व वहन गर्ने,
- पुस्तकरहित शुक्रबारका सबै कार्यक्रमको समयमा नै कार्यान्वयन गराउन योजना निर्माण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

CamScanner

- प्रशिक्षक, फोकल शिक्षक लगायत सम्बन्धित सेवा प्रदायकहरूको कामको अनुगमन, मूल्याङ्कन गर्ने र समग्र कार्यक्रमको एकीकृत प्रतिवेदन तयार गरि शिक्षा विभागमा पेश गर्ने,

९.४ फोकल शिक्षकको भूमिका

पुस्तकरहित शुक्रबार कार्यक्रम सञ्चालनका लागि फोकल शिक्षकको भूमिका देहायबमोजिम हुनेछ:

- विद्यार्थीहरूका समूह तथा उपसमूहहरू निर्माणमा नेतृत्व, सक्रियता र सहजीकरण गर्ने,
- विद्यार्थीहरूलाई कार्यक्रमका सम्बन्धमा अभिमूखीकरण गर्ने,
- आफूलाई प्रशिक्षकका रूपमा विकास गर्न प्रयत्नशील रहने तथा तालिमहरूमा सक्रिय रूपमा सहभागी हुने,
- कार्यक्रमको व्यवस्थापकको रुपमा सम्पूर्ण कार्य गर्ने/गराउने,
- विद्यार्थीसँगै क्रियाकलापहरूमा सहकार्य र सक्रिय सहभागिता जनाउने,
- प्रत्येक दिनको कार्यक्रमको छोटो सारांश तयार गरी कार्यक्रमको अन्तमा एकीकृत प्रतिवेदन तयार गरी प्र.अ. समक्ष पेश गर्ने, ।

## १०. विविध

- विद्यालयले हरेक उपसमूहको सहजीकरणका लागि आउने प्रशिक्षकहरुको विवरण (नाम, ठेगाना, योग्यता, तालिम, अनुभव आदि) खुलाइ अनिवार्य हाजिरी गराउनुपर्ने र सोको आधारमा भुक्तानी उपलब्ध गराउनुपर्नेछ।
- हरेक दिनको सिकाइ सहजीकरणको प्रतिवेदन सम्बन्धित फोकल शिक्षकले अद्यावधिक गरी अभिलेखीकरण गरी कार्यक्रम सञ्चालन अवधिमा विभागबाट माग भए बमोजिम र  कार्यक्रम समाप्त भएपश्चात एकमुष्ट  प्रतिवेदन तयार गरी प्र अ समक्ष पेस गर्नुपर्ने ।
- हरेक विद्यालयले बुक फ्री फ्राइडे सञ्चालनको लागि विषयवस्तु सहितको दैनिक समय तालिका (तल नमुना तालिकामा दिए अनुरुपका कार्यक्रमहरु समेटेर) निर्माण गरी सो को जानकारी स्रोत शिक्षकलाइ गराउनुपर्ने।
- शुक्रबार विद्यालयमा कार्यक्रम गर्न छनोट भएका सेवा प्रदायक संस्थाबाट कुनै दिन सहजकर्ता नआएमा फोकल शिक्षकले नै विद्यार्थीलाई कार्यक्रममा सहभागी गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। यसरी कार्यक्रममा सेवा प्रदायक अनुपस्थित भइ कार्यक्रम सञ्चालन गरेको अवस्थामा सेवा प्रदायकलाई गरिने एकमुष्ठ भुक्तानीलाई २५ हप्ताले दामासाही गरी नआएको दिन बापतको रकम घटाइने छ।
- बुक फ्रि फ्राइडे अन्तर्गतका १९ ओटा उपसमूहमा अनिवार्य रुपमा कक्षा ४-८ का विद्यार्थीलाई मात्रै सहभागी गराउनुपर्ने र सम्भव भएसम्म ४-५ र ६-८ का लागि तोकिएका समूह बनाउने र एउटा समूहमा सामान्यतया ३० जना विद्यार्थी हुनुपर्नेछ साथै, शिक्षामा सिपका लागि कक्षा ९ मा समेत सामान्यतया ३० जनाको समूह निर्माण गरिने छ।
- सम्बन्धित उपसमूहका फोकल शिक्षकले अनिवार्य रुपमा कार्यक्रम अवधिभर सहभागिता जनाउनुपर्ने छ।

CamScanner

- हरेक उपसमूहका लागि कार्ययोजनासहितको सिकाइ सहजीकरण मार्गचित्र (Learning Facilitation Roadmap) अनिवार्य रुपमा लागु हुनुपर्नेछ। त्यसको बृहत् प्रदर्शनी गर्न सकिने छ।
- नृत्य गायन र सङ्गगीततर्फ बाँसुरी र मादल/धिमे/धाःबाजा मात्र सिकाइने छ।
- सेवा प्रदायक संस्थाले एउटामा उपसमूहको लागि सूचीकृत हुने र अर्कोमा तालिम दिन पाइने छैन। साथै सेवा प्रदायक संस्थाले प्रस्ताव साथ पेश गरेको जनशक्तिबाट ले नै सेवा प्रदान गर्नुपर्नेछ। कुनै कारणबस त्यस्तो जनशक्ति परिवर्तन गर्नुपरेमा समान योग्यता भएको व्यक्ति परिवर्तन गर्न सकिने छ। त्यस्तो अवस्थामा सेवा प्रदायक संस्थाले विद्यालयलाई प्रस्तावित व्यक्तिको तोकिए बमोजिमको योग्यता र अनुभवको विवरण सहित लिखित निवेदन दिइ पूर्व स्वीकृत लिनुपर्नेछ। पूर्वस्वीकृत विना अन्य प्रशिक्षकले सेवा प्रवाह गरेको अवस्थामा वा कार्यक्रममा सेवा प्रदायक अनुपस्थित भई कार्यक्रम सञ्चालन गरेको अवस्थामा सेवा प्रदायकलाइ गरिने एकमुष्ठ भुक्तानीलाई २५ हप्ताले दामासाही गरी नआएको दिन बापतको रकम घटाई भुक्तानी गरिने छ।
- हरेक विद्यालयमा सम्बन्धित उपसमूहका फोकल शिक्षकले आफ्नो उपसमूहको कार्यक्रम सञ्चालन भएको दिन प्रशिक्षक र विद्यार्थीको हाजिरी अनिवार्य रुपमा गर्नुपर्नेछ।
- हरेक शुक्रबार सेवा प्रदायकहरुसँग आवश्यक समन्वय गरी कार्यक्रम प्रभावकारी सञ्चालन गर्न र फोकल शिक्षकहरुले आफ्नो समूहको कार्यक्रमको सम्बन्धमा विभागबाट करिब एक पेजको समालोचनात्मक प्रतिवेदन तयार गरी प्र.अ. समक्ष पेस गर्ने र प्र.अ.ले त्यसको सारांश अभिलेख अनिवार्य रुपमा राख्नुपर्ने छ।
- बुक फ्रि फ्राइडेलाई उच्च महत्व दिएर कार्यक्रम सञ्चालन गरी यसको प्रभावकारितामा सबैले आ आफ्नो ठाउँबाट सकेको योगदान दिनुपर्ने छ।

CamScanner